नेपाल सरकार

# गृह मन्त्रालय

(विभूषण तथा बैठक समारोह प्रबन्ध शाखा)

पत्र संख्या:- ०७५/०७६

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:- ५

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मिति :२०७५।०४।२९ गते ।

विषय : विभूषण सुशोभन समारोहमा उपस्थिति सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय
सबै ।

सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४ साल जेठ १५ गते गणतन्त्र दिवसका दिन घोषित विभूषणहरुमध्ये मानपदवी ( नेपाल रत्न, राष्ट्रगौरव, महाउज्ज्वल राष्ट्रदीप, उज्ज्वल कीर्तिमय राष्ट्रदीप, प्रसिद्ध प्रवल जनसेवा श्री, सुकीर्तिमय राष्ट्रदीप, सुप्रबल जनसेवा श्री, कीर्तिमय राष्ट्रदीप, प्रवल जनसेवा श्री र जनसेवा श्री ) प्राप्त गर्ने व्यक्तिहरुलाई २०७५ साल भदौ १९ गते मंगलवार बिहान १०:०० बजे राष्ट्रपतिको कार्यालय शीतल निवास, महाराजगञ्जमा विभूषित गर्नुहुने भएको हुँदा २०७५ साल भदौ १७ गते भित्र गृह मन्त्रालय, विभूषण शाखामा आ-आफ्नो परिचयपत्र सहित सम्पर्क गरी सुशोभन समारोहको प्रवेशपत्र लिने सम्बन्धि सूचनाको जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ । त्यस जिल्लाको मानपदवी प्राप्त गर्ने व्यक्तिहरुलाई विभूषण सुशोभन समारोहमा यसै पत्र साथ संलग्न विवरण अनुसारको ३ नं. पोशाक सहित उपस्थितिका लागि सूचित गरिदिने व्यवस्था मिलाई दिनुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

(रुद्रनाथ देवकोटा)
उप सचिव

द्रष्टव्यः विभूषित हुने व्यक्तिहरुको नामावली सहितको लिष्ट गृह मन्त्रालयको वेभ साईट www.moha.gov.np बाट हेर्न सकिनेछ । साथै उक्त सुशोभन समारोहमा बिहान ०७:३० बजे भित्र प्रवेश गरिसक्नुपर्ने तथा प्रवेशपत्रको आधारमा मात्र प्रवेश गराईने व्यहोरा जानकारी गराईन्छ ।

नेपाल सरकार
गृह मन्त्रालय

विभूषण सुशोभन समारोहको पोशाक एवं विभूषण

| पोशाक नं. | निजामती तर्फ | नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बलतर्फ | कैफियत |
|---|---|---|---|
| ३ | ग्रे कोट/कालो कोट सहितको औपचारिक पोशाकमा पट्टासहित मानपदवी २ र अलङ्कार पदकहरु | ट्युनिक,एक्युलेट,ग्याठ बूट, मानपदवी-२, अलङ्कार र पदक (परेडमा भाग लिनेले मात्र खड्गसहित) । | |

द्रष्टव्य:- क) निजामती, नेपाली सेना/नेपाल प्रहरी/सशस्त्र प्रहरी बलका पदाधिकारीहरु बाहेक अन्य पदाधिकारीहरुको विभूषण र पोशाक निजामती पदाधिकारीसरह हुनेछ ।

ख) "नेपाली पोशाक" भन्नाले नेपाली नागरिकले साविकमा लगाउँदै आईरहेको महिलाको निमित्त जुनसुकै शैलीको चोलो, सारी र जुत्तासहितको पोशाक र पुरुषको निमित्त लवेदा, सुरुवाल, कोट र टोपीसहितको पोशाक सम्झनु पर्दछ ।

ग) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा साविक बमोजिम नै चोलो, सारी/लवेदा, सुरुवाल (सेतो रङ्गको) र टोपी (भादगाउँले) कालो रंगको हुनेछ ।

घ) ग्रे/कालो कोटसहितको औपचारिक पोशाकमा जुत्ता कालो (छालाको) हुनेछ ।

तर सुशोभन समारोहमा हिमाल, पहाड, तराई/मधेशमा लगाईने आ-आफ्नो परम्परा र संस्कृति अनुसारको जातजाती, भाषा, धर्म र संस्कृति झल्काउने नेपाली पोशाक लगाउन सक्नेछन् ।